# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## मधेश प्रदेश कार्यालय

जनकपुरधाम, धनुषा

**डिप्लोमा तथा प्रमाणपत्र तहको स्वास्थ्य संकाय अन्तर्गत सामान्य चिकित्सा, फार्मेसी र नर्सिंग वाहेकका पूर्ण शुल्कीय तर्फका कार्यक्रमहरुको योग्यताक्रम सुची प्रकाशन गरिएको सम्वन्धि अत्यन्त जरुरी सूचना**

सूचना प्रकाशित मिति : २०८२/०५/०९

प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०८२/०४/०५ गते प्रकाशित सूचना अनुसार यस प्रदेश अन्तर्गत रहेका शिक्षालयहरुमा डिप्लोमा/प्रमाणपत्र तहका पूर्ण शुल्कीय तर्फका स्वास्थ्य संकाय अन्तर्गत सामान्य चिकित्सा, फार्मेसी र नर्सिंग वाहेकका कार्यक्रमहरुमा अध्ययनका लागि अनलाईन मार्फत प्राप्त आवेदनहरु रुजु गरी प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृति वितरण तथा भर्ना सम्बन्धि निर्देशिका, २०८२ बमोजिम एस.एल.सी/एस.ई.ई. को नतिजामा प्राप्त अंक/जी.पी.ए. का आधारमा सम्बन्धित शिक्षालयको स्वीकृत कार्यक्रम तथा कोटामा कार्यटोलीवाट सिफारिस भै आएको नतिजा मिति २०८२/०५/०८ गतेको निर्णयानुसार मुख्य उम्मेदवार तथा वैकल्पिक उम्मेदवार सहितको योग्यताक्रम सूची र रद्द गरिएका आवेदकहरुको सूची शिक्षालयगत रुपमा प्रकाशन गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ | मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरु मिति २०८२/०५/१८ गते कार्यालय समय भित्र आफ्नो Application Acceptance Card, योग्यताक्रमको प्रति, शैक्षिक योग्यताको प्रमाण पत्र, नागरिकता/जन्म दर्ता प्रमाणपत्र, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्र, पासपोर्ट साइजको आफ्नो फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानकारी गराइन्छ | साथै सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानि भर्ना सम्बन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम उम्मेदवारहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गराउनु हुन अनुरोध छ | उम्मेदवारले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु फर्जी भएमा जुनसुकै वखत नतिजा तथा भर्ना स्वत: रद्द हुनेछ र सोको जिम्मेवार विद्यार्थी स्वयम् हुनेछ |

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
मधेश प्रदेश कार्यालय
जनकपुरधाम, धनुषा
२०७५

निर्देशक